लोकप्रिय राष्ट्रिय दैनिक
www.rajdhanidaily.com

# राजधानी

वर्ष २६, अंक ११३, मंगलबार २७ असोज २०८३, नेपाल संवत् ११४६ | RAJDHANI Nepali National Daily | Tuesday 13 October 2026 | पृष्ठ : ६ | मूल्य रु. ५०/-

## जोखिममा हिमाली नदी किनारका बस्ती

- अन्योलमै नेपालको पूर्वसूचना प्रणाली
- विपत्तिले देखायो निगरानी र चेतावनी सम्प्रेषणको कमजोरी



### ४७ हिमताल जोखिममा, कोशी क्षेत्रका मात्रै ४२ वटा

इसिमोड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी)ले सन् २०२० मा सार्वजनिक गरेको अध्ययनले नेपाल, चीनको तिब्बत र भारतमा रहेका कोशी, गण्डकी तथा कर्णाली नदी बेसिनका ४७ हिमताललाई सम्भावित जोखिमयुक्त मानेको थियो । तीमध्ये २५ चीन, २१ नेपाल र एउटा भारतमा रहेको अध्ययनमा उल्लेख छ । ४७ मध्ये ४२ हिमताल कोशी नदी बेसिनमा पर्छन् । हिमताल फुटेर आउने बाढीका अतिरिक्त पहिरोले नदी थुन्ने र पछि थुनिएको पानी एक्कासि बग्ने जोखिम पनि उत्तिकै छ । कोशी, अरुण, तमोर, सुनकोशी, तामाकोशी, भोटेकोशी, त्रिशूली, बुढीगण्डकी, मर्स्याङ्दी, कालीगण्डकी र कर्णाली नदी तथा तिनका सहायक खोलाका किनारमा बस्ती, सडक, पुल र जलविद्युत् आयोजना विस्तार भइरहेका छन् । नदीको बहावमा आकस्मिक परिवर्तन हुँदा यी संरचना र त्यहाँ बसोबास गर्ने समुदाय जोखिममा पर्न सक्छन् । भोटेकोशी–त्रिशूली र बुढीगण्डकीका घटनाले पूर्वसूचना प्रणालीलाई मौसमको बुलेटिन र एसएमएस पठाउने व्यवस्थामै सीमित गर्न नहुने देखाएका छन् ।

**राजधानी समाचारदाता**
काठमाडौं, २६ असोज

हिमाली क्षेत्रमा पहिरोले नदी थुन्ने, हिमताल फुट्ने वा अचानक ठूलो परिमाणमा पानी बग्ने जोखिम रहे पनि 'नेपालमा पूर्वसूचना प्रणाली कति प्रभावकारी छ ?' भन्ने प्रश्न भोटेकोशी–त्रिशूली र बुढीगण्डकीमा आएका बाढीले फेरि उठाएका छन् ।

सरकारी निकायले चेतावनी जारी गरेको विवरण सार्वजनिक गरे पनि जोखिमको स्रोतमा घटना सुरु हुँदा सूचना कसरी प्राप्त हुन्छ र माथिल्लो तटीय बस्तीमा कति समयअघि चेतावनी पुग्छ भन्ने विषय स्पष्ट छैन ।

गोरखा चुमनुब्री क्षेत्रमा पहिरोले स्यारखोला थुनेपछि एक्कासि पानी बग्दा बुढीगण्डकीको तटीय क्षेत्रमा क्षति भएको छ । घर, पुल, जलविद्युत् आयोजनाका संरचना र सडक सम्पर्कमा क्षति पुगेको छ । प्रारम्भिक विवरणअनुसार पाँच जना सम्पर्कविहीन छन् । पूर्वसूचनाका कारण धेरै बासिन्दा सुरक्षित स्थानमा पुग्न सकेको अधिकारी बताउँछन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आइतबार बिहान ६ बजे गोरखा, धादिङ, तनहुँ, चितवन तथा नवलपरासीतर्फका २२१ जना प्रतिकार्यकर्तालाई परिचालन हुन एसएमएस पठाइएको थियो ।

जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान महाशाखाले पनि तटीय क्षेत्रका बासिन्दालाई दुई चरणमा करिब दुई लाख एसएमएस पठाएको जनाएको छ । सामाजिक सञ्जाल र अन्य माध्यमबाट समेत चेतावनी सम्प्रेषण गरिएको थियो । प्राधिकरणको प्रतिवेदनअनुसार बिहान ६:३० बजे आरुघाटस्थित मापन केन्द्रमा जलसतह ३.६६ मिटर पुगेको थियो । त्यहाँ चेतावनी तह ४.५० मिटर र खतराको तह पाँच मिटर थियो । बिहान ७:५० बजे जलसतह ५.०१ मिटर पुगेर खतराको तह पार गरेको थियो । त्यसपछि बिहान ८:३० बजे ६.२२ मिटर र ८:४० बजे ८.४३ मिटर पुगेको प्रतिवेदनमा उल्लेख छ ।

प्राधिकरणका कार्यकारी प्रमुख धर्मराज उप्रेतीले बाढीबारे बिहान करिब ६:२० बजे आधिकारिक जानकारी प्राप्त भएपछि चेतावनी र उद्धारको काम अघि बढाइएको बताएका छन् ।

बाढीको स्रोत माथिल्लो क्षेत्रमा भएकाले त्यहाँबाट तल आइपुग्न तीनदेखि चार घण्टा लाग्ने अनुमानले सुरक्षा निकाय परिचालन गर्न समय मिलेको उनको भनाइ छ ।

स्थानीय बासिन्दाले भने बिहानै फोन र सामाजिक सञ्जालमार्फत बाढीबारे सूचना प्रवाह गर्न थालेको विवरण पनि सार्वजनिक भएको छ ।

बाँकी पृष्ठ ४ मा

## मुद्दा खेपिरहेका प्रभु बैंकका सीईओ पदमै

- राजीनामा गराउन सञ्चालक समितिमाथि चर्को दबाब

**राजधानी समाचारदाता**
काठमाडौं, २६ असोज

ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी फौजदारी मुद्दामा दुई लाख रुपैयाँ धरौटीमा छुटेका प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुमन शर्मालाई राजीनामा गराउन बैंकभित्रैबाट दबाब परेको छ ।

विगतमा बैंककै अर्का सीईओ अशोक शेरचनमाथि मुद्दा लाग्दा राजीनामा दिन दबाब परेको नजिर देखाउँदै शर्मालाई पनि पदबाट मार्गप्रशस्त गर्न सञ्चालक समिति सदस्यले सुझाव दिएका छन् । तर, उनलाई राजीनामा दिन औपचारिक निर्देशन दिने वा निलम्बन गर्ने निर्णय भने भइसकेको छैन ।

तत्कालीन सनराइज बैंकका सीईओ रहेका बेला अञ्जली इन्टरनेसनलसँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता गरेको आरोपमा शर्मासहित चार जनाविरुद्ध पर्सा जिल्ला अदालतमा मुद्दा दायर भएको छ ।

अदालतले शर्मालाई दुई लाख रुपैयाँ धरौटीमा तारेखमा राखेर मुद्दाको पुर्पक्ष गर्न आदेश दिएपछि उनी धरौटी रकम बुझाएर रिहा भएका छन् ।

शर्मा अहिले पनि प्रभु बैंकको सीईओ पदमा छन् । पक्राउ पुर्जी जारी भएपछि उनी बैंकबाट 'फोर्स लिभ'मा बसेका थिए । अदालतमा उपस्थित भएर धरौटीमा छुटेपछि पनि उनको पदको निरन्तरता र बैंकको कर्मचारी सेवासम्बन्धी विनियमावली कार्यान्वयनको विषयले सञ्चालक समितिमाथि दबाब बढाएको छ ।

बैंक उच्च स्रोतका अनुसार विगतको नजिर र संस्थाको प्रतिष्ठा ध्यानमा राखेर शर्मालाई राजीनामा दिन सुझाव दिने तयारी भइरहेको छ । 'विगतमा उस्तै प्रकृतिको मुद्दा लाग्दा सीईओले राजीनामा दिएको उदाहरण हाम्रै बैंकमा छ,' प्रभु बैंकका एक सञ्चालकले भने, 'यसपटक पनि बैंकको ख्याति र विगतको परम्परा जोगाउन अभियोग लागेका सीईओले राजीनामा गर्नु उपयुक्त हुन्छ ।'

सञ्चालक समितिका अर्का सदस्यका अनुसार शर्मालाई 'फोर्स लिभ' सकिएपछि राजीनामा दिन सुझाव दिइएको छ । 'हामीले विगतका सीईओको नजिर हेरेर मार्गप्रशस्त गर्नु राम्रो हुन्छ भनेका छौं,' ती सदस्यले सोमबार *राजधानी*सँग भने, 'बाँकी उहाँले आफ्नो करिअर हेरेर निर्णय गर्ने कुरा हो ।'

यसअघि बैंकका तत्कालीन सीईओ अशोक शेरचनमाथि मुद्दा लाग्दा नेपाल राष्ट्र बैंकको दबाबमा सञ्चालक समितिले राजीनामा दिन दबाब दिएपछि उनले राजीनामा दिएका थिए ।

अहिले शर्माको हकमा पनि त्यस्तै निर्णय हुनुपर्ने मत सञ्चालक समितिभित्र देखिएको छ । तर, विगतको घटनाजस्तै 'यसपटक पनि राजीनामा गराउने वा अन्य कानुनी प्रक्रिया अघि बढाउने ?' भन्ने विषयमा अन्तिम निर्णय भने भएको छैन ।

बैंकसम्बन्धी विभिन्न कानुनी व्यवस्थाले पनि सीईओलाई पदमा बसिरहन कानुनी र नैतिक प्रश्न खडा गरेको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ (बाफिया)को दफा २९(४)मा सञ्चालक समितिले कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा सफाइ पेस गर्ने मनासिब मौका दिएर जुनसुकै बेला पदबाट हटाउन सक्ने व्यवस्था छ ।

प्रभु बैंकको कर्मचारी सेवासम्बन्धी विनियमावली, २०७८को बुँदा ९० मा समेत राज्यको कुनै निकायले कुनै कर्मचारीविरुद्ध प्रचलित कानुनबमोजिम फौजदारी अभियोगमा मुद्दा दायर गरेमा त्यस्तो कर्मचारी स्वतः निलम्बनमा परेको मानिने व्यवस्था गरेको छ ।

बाफियाको दफा २९ को उपदफा ४ मा कार्यसम्पादन सन्तोषजनक नभएमा सफाइको मौका दिएर सीईओलाई हटाउन सकिने व्यवस्था छ भने दफा २९ को उपदफा ६ मा सीईओ योग्य नरहेको देखिएमा राष्ट्र बैंकले सम्बन्धित बैंकलाई त्यस्तो सीईओ हटाएर योग्य व्यक्ति नियुक्त गर्न आदेश दिन सक्ने व्यवस्था छ ।

बैंकका अध्यक्ष, सञ्चालक, सीईओ तथा कर्मचारीले निक्षेपकर्ता, सेयर धनी वा संस्थाको हित विपरीत काम गरेको निरीक्षण वा अनुगमनबाट देखिएमा लिखित सूचना दिएर सफाइको मौका दिई पदबाट हटाउने अधिकारसमेत राष्ट्र बैंकलाई बाफियाले अधिकार दिएको छ ।

त्यस्तो कारबाहीमा पर्ने व्यक्तिलाई तीनदेखि १५ दिनसम्म सफाइको समय दिनुपर्ने र कारबाहीपछि पाँच वर्षसम्म इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा काम गर्न अयोग्य हुने व्यवस्था छ ।







उस्तै प्रकृतिको मुद्दा लागेका पूर्वसीईओलाई राजीनामा दिन दबाब दिएको सञ्चालक समिति **सुमन शर्मा**को हकमा मौन बसेपछि समितिमाथि कानुनी र नैतिक दबाब

### यस्तो छ शर्मा प्रकरण ?

सुमन शर्मा तत्कालीन सनराइज बैंकको सीईओ रहेका बेला वीरगन्ज महानगरपालिका–१६ स्थित अञ्जली इन्टरनेसनलसँग सम्बन्धित कर्जा कारोबारमा विवाद भएको थियो । फर्मकी सञ्चालक निर्मला देवीले दिएको जाहेरीका आधारमा जिल्ला सरकारी वकिल कार्यालय पर्साले शर्मासहित तत्कालीन बैंकका नायब प्रबन्धक केदार सिंह, वरिष्ठ अधिकृत सुबोध जोशी र कर्जा प्रशासनमा कार्यरत नायब प्रबन्धक रवीन्द्र केसीविरुद्ध मुद्दा दायर गरेको हो । अभियोगपत्रअनुसार अञ्जली इन्टरनेसनलका लागि तीन करोड ८९ लाख १४ हजार रुपैयाँ कर्जा स्वीकृत गरिएको थियो ।

जाहेरकर्ताको बारास्थित ८९ लाख रुपैयाँ मूल्यांकन गरिएको ६ कठ्ठा जग्गा धितो राखिएको थियो । तर, जग्गा रोक्का गरिसकेपछि पनि स्वीकृत कर्जा रकम ऋणीको खातामा निकासा नगरेको, झुटा आश्वासन दिएर अलमल्याएको र धितो लिलाम प्रक्रिया अघि बढाएर सेवाग्राहीलाई नोक्सानी पुर्‍याएको आरोप छ ।

अदालतमा उपस्थित भएपछि न्यायाधीश देवीकुमारी चौधरीको इजलासले २० असोज जमा शर्मालाई दुई लाख रुपैयाँ धरौटी वा सो बराबरको बैंक ग्यारेन्टी लिएर तारेखमा राख्ने आदेश दिएको थियो ।

अदालतको आदेशमा तत्काल प्राप्त प्रमाणका आधारमा अहिले नै उनलाई आरोपित कसुरको कसुरदार होइनन् भन्न सकिने अवस्था नरहेको उल्लेख छ ।

शर्माले अदालतमा दिएको बयानमा आफूले जाहेरवालालाई व्यक्तिगत रुपमा नचिनेको, कर्जा लिन–दिन कुनै छलफल नगरेको र धितो रोक्का वा कर्जा निकासासम्बन्धी प्रशासनिक प्रक्रियामा प्रत्यक्ष निर्णय नरहेको दाबी गरेका छन् । उनले आफूमाथि लागेको आरोप अस्वीकार गरेका छन् ।

### राष्ट्र बैंकको भूमिका प्रश्नमा

फौजदारी मुद्दा दायर भएको सीईओ बैंकको नेतृत्वमा रहिरहनु संस्थागत सुशासन, निक्षेपकर्ताको विश्वास र नियामकको भूमिकासँग जोडिएको विषय हो । बैंकको आन्तरिक विनियमावलीमा मुद्दा दायर भएपछि स्वतः निलम्बनमा परेको मानिने व्यवस्था हुँदाहुँदै त्यसको कार्यान्वयन गर्न राष्ट्र बैंकले अहिलेसम्म कुनै निर्देशन दिएको छैन । यस्तो अवस्थामा उसले विनियमावली कार्यान्वयन, सीईओको पदमा निरन्तरता र सुशासन विषयमा 'के कदम चाल्छ ?' भन्ने चासो छ । शर्माको मुद्दा विचाराधीन रहेकै अवस्थामा पदबाट हटाउने वा निलम्बन गर्ने विषयमा बैंक सञ्चालक समितिले कानुनी व्यवस्था, कर्मचारी विनियमावली र संस्थागत सुशासनको दायित्व आधार बनाएर निर्णय गर्नुपर्नेमा समेत राष्ट्र बैंक चुकेको छ ।

## स्थानीय तह निर्वाचनमा १५ अर्ब रुपैयाँ स्रोत आवश्यक

**राजधानी समाचारदाता**
काठमाडौं, २६ असोज

स्थानीय तहका जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल सकिन केही महिना बाँकी रहँदै निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचन तयारी अघि बढाएको छ ।

आयोगले फागुनमै निर्वाचन गर्न आफू तयार रहेको संकेत गर्दै आवश्यक स्रोत व्यवस्थापनतर्फ समेत ध्यानकेन्द्रित गरेको छ । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले आयोग निर्वाचनको तयारीमै रहेको र स्थानीय तहलाई लामो समय रिक्त राख्न नहुने बताएका छन् ।

सरकारले आयोगसँग परामर्श गरेर निर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार आयोगले फागुनमै निर्वाचन गर्ने गरी आन्तरिक तयारी अघि बढाएको हो । निर्वाचनको औपचारिक मिति भने सरकारले घोषणा गर्न बाँकी छ । ३० वैशाख २०७९ मा स्थानीय तहको निर्वाचन भएको थियो । संविधानको धारा २२५ अनुसार गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुन्छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ ले नियमित निर्वाचन कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअघि नै गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाका आधारमा आयोगले आगामी निर्वाचन फागुनमै गर्ने गरी तयारी थालेको हो ।

**दर्जनौं पद रिक्त**

नियमित निर्वाचनको तयारीसँगै अहिले रिक्त रहेका स्थानीय तहका पद पनि आयोगका लागि अर्को चुनौती बनेका छन् । प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन केही प्रमुख तथा उपप्रमुखले राजीनामा दिएपछि काठमाडौं महानगरपालिकासहित विभिन्न स्थानीय तहमा नेतृत्व रिक्त भएको छ । काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाहले ४ माघ २०८२ मा लागू हुने गरी राजीनामा दिएपछि उपप्रमुख सुनिता डंगोलले कार्यवाहक प्रमुखको जिम्मेवारी सम्हाल्दै आएकी छन् । भरतपुर महानगरपालिका, धरान उपमहानगरपालिका, धुलिखेल नगरपालिका र सूर्योदय नगरपालिकाका प्रमुख पदसमेत रिक्त छन् । कालीगण्डकी गाउँपालिका, स्याङ्जालगायतका स्थानीय तहमा अध्यक्ष पद रिक्त छ ।





धेरै स्थानीय तहमा प्रमुख, उपप्रमुख तथा वडाध्यक्षका पद रिक्त रहेकाले छुट्टाछुट्टै उपनिर्वाचन गराउनुभन्दा नियमित निर्वाचन केही अघि सार्ने विकल्पमा आयोगले जोड दिएको स्रोतको दाबी छ । नियमित निर्वाचन नजिकिँदै गएको अवस्थामा छुट्टै उपनिर्वाचन गर्दा राज्यको स्रोतमा थप भार पर्ने भएकाले आयोगले नियमित निर्वाचनमै जोड दिएको हो ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ ले जिल्ला समन्वय समितिका प्रमुख-उपप्रमुख, गाउँपालिका अध्यक्ष-उपाध्यक्ष, नगरपालिका प्रमुख-उपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै कुनै कारणले पद रिक्त भएमा बाँकी कार्यकालका लागि उपनिर्वाचनबाट पदपूर्ति गर्ने व्यवस्था गरेको छ । तर एक वर्षभन्दा कम कार्यकाल बाँकी रहेको अवस्थामा उपनिर्वाचन नहुने व्यवस्था छ ।

संविधानको धारा २१५ र २१६ ले पनि गाउँपालिका अध्यक्ष-उपाध्यक्ष तथा नगरपालिका प्रमुख-उपप्रमुखको पद रिक्त भएमा एक वर्षभन्दा बढी कार्यकाल बाँकी रहेको अवस्थामा उपनिर्वाचनबाट पदपूर्ति गर्नुपर्ने व्यवस्था गरेको छ । यसले 'अहिले रिक्त पदमा तत्काल उपनिर्वाचन गर्ने कि नियमित निर्वाचनमै पदपूर्ति गर्ने ?' भन्ने प्रश्न उठेको छ । आयोग भने नियमित निर्वाचनबाटै रिक्त पदसमेत पूर्ति गर्ने विकल्पमा बढी सकारात्मक देखिएको छ ।

निर्वाचन मिति घोषणा भएपछि आयोगले छोटो अवधिमा मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन, मतदान केन्द्रको पुनरावलोकन, निर्वाचन अधिकृत नियुक्ति, निर्वाचन सामग्री खरिद तथा व्यवस्थापन, मतपत्र छपाइ, कर्मचारी परिचालन र सुरक्षा व्यवस्थालगायतका काम गर्नुपर्नेछ। देशभर ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका गरी ७ सय ५३ स्थानीय तह तथा ६ हजार ७ सय ४३ वडा छन् ।

२०७९ को स्थानीय तह निर्वाचनका लागि आयोग, गृह र रक्षा मन्त्रालयलगायतका लागि सरकारले कुल १३ अर्ब ३१ करोड ५४ लाख रुपैयाँ निकासा गरेको थियो । त्यसमध्ये ९०.८० प्रतिशत खर्च भएको थियो । आयोगतर्फमात्रै २०७९ को निर्वाचनमा प्राविधिक तथा व्यवस्थापकीय खर्च ५ अर्ब ४ करोड ३ लाख ९२ हजार ८ सय ७६ रुपैयाँ पुगेको थियो । त्यसबेला आयोगका लागि ८ अर्ब ११ करोड रुपैयाँ निकासा भएको थियो । खर्च नभएको रकम फिर्ता गरिएको थियो । यसपटक मुद्रास्फीति, कर्मचारी तथा सुरक्षाकर्मीको भत्ता, यातायात, मतपत्र तथा निर्वाचन सामग्री, सूचना प्रविधि र मतदाता शिक्षा खर्च बढ्ने भएकाले २०७९ को तुलनामा निर्वाचनको लागत बढ्ने देखिएको छ ।

आयोगतर्फ मात्रै करिब ८ अर्ब रुपैयाँ आवश्यक पर्ने प्रारम्भिक आकलन छ । गृह तथा सुरक्षा निकायको खर्चसमेत जोड्दा आगामी स्थानीय तह निर्वाचनका लागि कम्तीमा १५ अर्ब रुपैयाँ हाराहारी स्रोत सुनिश्चित गर्नुपर्ने देखिएको छ ।

# बिमस्टेक गृहमन्त्रीस्तरीय बैठकमा सहभागी हुन गृहमन्त्री गुरुङ भारतमा



**राजधानी समाचारदाता**
काठमाडौं, २६ असोज

गृहमन्त्री सुधन गुरुङ बङ्गालको खाडी क्षेत्रका देशबीच क्षेत्रीय सुरक्षा सहकार्य सुदृढ बनाउने उद्देश्यले आयोजना हुन लागेको बिमस्टेकको पहिलो गृहमन्त्रीस्तरीय बैठकमा सहभागी हुन सोमबार भारतको नयाँदिल्ली प्रस्थान गरेका छन्। गृह मन्त्रालयका अनुसार असोज २७ गते हुने बैठकमा मन्त्री गुरुङले नेपालको तर्फबाट सहभागिता जनाउनेछन्।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) अन्तर्गत आयोजना हुन लागेको बैठकमा सदस्य राष्ट्रका आन्तरिक सुरक्षा हेर्ने मन्त्रीहरू सहभागी हुनेछन्। बैठकमा नेपाल, भारत, बङ्गलादेश, भुटान, म्यानमार, श्रीलङ्का र थाइल्यान्डका प्रतिनिधिले क्षेत्रीय सुरक्षा चुनौती तथा त्यसको सामना गर्न आवश्यक सहकार्यका विषयमा छलफल गर्ने कार्यक्रम छ।

बिमस्टेक सदस्य राष्ट्रबीच आर्थिक, प्राविधिक र क्षेत्रीय सहयोग विस्तार गर्ने उद्देश्यले स्थापित यस क्षेत्रीय सङ्गठनमा सुरक्षा सहकार्यलाई पनि महत्त्वपूर्ण विषयका रूपमा लिइएको छ। सदस्य राष्ट्रबीच सीमा सुरक्षा, अपराध नियन्त्रण, सूचना आदानप्रदान र कानुन कार्यान्वयनका क्षेत्रमा सहकार्य बढाउन सके अन्तरदेशीय अपराध नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

बैठकमा लागूऔषध ओसारपसार, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, आतङ्कवादी गतिविधिमा वित्तीय लगानी, आतङ्कवाद, साइबर अपराध तथा विपद्जन्य सुरक्षा चुनौतीलगायत विषयमा छलफल हुने जनाइएको छ। यी समस्या कुनै एउटा देशको सीमाभित्र मात्र सीमित नरहने भएकाले तिनको नियन्त्रणका लागि सदस्य राष्ट्रबीच समन्वय र सहकार्य आवश्यक रहेको अधिकारीको धारणा छ।

लागूऔषधको अवैध कारोबार र मानव बेचबिखनजस्ता अपराधमा संलग्न समूहले विभिन्न देशको सीमा पार गर्दै गतिविधि सञ्चालन गर्न सक्ने भएकाले सूचना आदानप्रदान, संयुक्त अनुसन्धानमा सहयोग र कानुनी प्रक्रियाबीच समन्वय महत्त्वपूर्ण हुन्छ। त्यसैगरी, अवैध आर्थिक कारोबार तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी नियन्त्रण गर्न वित्तीय निगरानी र सम्बन्धित निकायबीच सहकार्य आवश्यक हुने विषयले पनि बैठकमा प्राथमिकता पाउने अपेक्षा गरिएको छ।

साइबर अपराधको बढ्दो चुनौतीलाई ध्यानमा राख्दै डिजिटल माध्यमबाट हुने ठगी, अवैध कारोबार र अन्य आपराधिक गतिविधिको नियन्त्रणमा सदस्य राष्ट्रबीच सहकार्य विस्तार गर्ने विषय पनि महत्त्वपूर्ण हुनेछ। यस्ता अपराधमा प्रमाण तथा सूचना विभिन्न देशमा फैलिएको हुन सक्ने भएकाले अनुसन्धानका क्रममा अन्तरदेशीय सहयोग प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ।

बैठकमा बिमस्टेकअन्तर्गत सुरक्षा क्षेत्रका विभिन्न संयन्त्रमा यसअघि भएका छलफल र सहमतिलाई अगाडि बढाउने, आवश्यक दस्तावेज पारित गर्ने तथा घोषणापत्र जारी गर्ने कार्यसूची रहेको गृह मन्त्रालयले जनाएको छ। बैठकबाट हुने निर्णयले सदस्य राष्ट्रबीच सुरक्षा सहकार्यको भावी दिशा निर्धारण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नेपालले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको प्राकृतिक विपद्को जोखिम न्यूनीकरणलाई पनि प्राथमिकतामा राख्ने जनाएको छ। हिमपहिरो, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का कारण जनधनको क्षति हुन सक्ने भएकाले पूर्वसूचना प्रणाली सुदृढ गर्ने, जोखिमसम्बन्धी सूचना समयमै आदानप्रदान गर्ने र उद्धार तथा राहत कार्यमा क्षेत्रीय सहकार्य विस्तार गर्ने विषय नेपालका लागि महत्त्वपूर्ण छन्।

प्राकृतिक विपद् व्यवस्थापनमा अनुभव, प्राविधिक ज्ञान र आवश्यक स्रोतसाधन आदानप्रदान गर्न सके विपद्पूर्व तयारी तथा विपद्पछिको उद्धार कार्यलाई प्रभावकारी बनाउन सकिन्छ। विशेषगरी हिमाली तथा तटीय क्षेत्रका फरकफरक जोखिमलाई ध्यानमा राख्दै सदस्य राष्ट्रबीच अनुभव आदानप्रदान गर्नु उपयोगी हुने देखिन्छ।

गृहमन्त्री गुरुङका लागि यो पहिलो औपचारिक विदेश भ्रमण हो। सन् २०१८ मा काठमाडौंमा सम्पन्न चौथो बिमस्टेक शिखर सम्मेलनले परिकल्पना गरेको सुरक्षा क्षेत्रको उच्चस्तरीय संयन्त्रअन्तर्गत गृहमन्त्रीस्तरीय बैठक पहिलोपटक आयोजना हुन लागेको हो।

क्षेत्रीय सुरक्षा चुनौतीको स्वरूप परिवर्तन भइरहेका बेला उच्चस्तरीय राजनीतिक तहमा नियमित छलफल र सहकार्यको व्यवस्था हुनु महत्त्वपूर्ण मानिएको छ। सदस्य राष्ट्रका गृहमन्त्री एकै ठाउँमा सहभागी हुँदा साझा समस्याबारे धारणा आदानप्रदान गर्न, प्राथमिकता पहिचान गर्न र सम्भावित सहकार्यका क्षेत्र निर्धारण गर्न सहज हुने अपेक्षा गरिएको छ।

भ्रमणक्रममा गृहमन्त्री गुरुङले विभिन्न सदस्य राष्ट्रका समकक्षीसँग भेटघाट तथा द्विपक्षीय वार्ता गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ। त्यस्ता भेटघाटमा सुरक्षा सहकार्य, अपराध नियन्त्रण र सम्बन्धित निकायबीच समन्वयका विषयमा छलफल हुने अपेक्षा गरिएको छ।

गृह मन्त्रालयका अनुसार गृहमन्त्री गुरुङ असोज २८ गते बुधबार स्वदेश फर्कने तालिका रहेको छ। बैठकमा नेपालको सहभागिताले क्षेत्रीय सुरक्षा सहकार्य विस्तार गर्नुका साथै अन्तरदेशीय अपराध नियन्त्रण, विपद् व्यवस्थापन र सूचना आदानप्रदानका क्षेत्रमा सहकार्यका सम्भावना पहिचान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# रियाद विमानस्थलमा भएको आक्रमणको नेपालद्वारा निन्दा

**राजधानी समाचारदाता**
काठमाडौं, २६ असोज

नेपालले साउदी अरेबियाको राजधानी रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणको कडा निन्दा गरेको छ। आक्रमणमा परी कैयौं व्यक्तिको ज्यान गएको र ठूलो सङ्ख्यामा मानिस घाइते भएको घटनाप्रति दुःख व्यक्त गर्दै नेपालले सर्वसाधारण नागरिक तथा सार्वजनिक पूर्वाधारलाई कुनै पनि बहानामा निशाना बनाउन नहुने स्पष्ट पारेको छ।

परराष्ट्र मन्त्रालयले आइतबार, ११ अक्टोबरमा जारी गरेको प्रेस विज्ञप्तिमार्फत घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेको छ। मन्त्रालयले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ।

नेपालको परराष्ट्र मन्त्रालयका अनुसार नागरिक तथा सार्वजनिक पूर्वाधारमाथि आक्रमण कुनै पनि परिस्थितिमा स्वीकार्य हुन सक्दैन। विज्ञप्तिमा सर्वसाधारणको सुरक्षा सुनिश्चित गर्न र हिंसात्मक घटनाबाट थप मानवीय क्षति हुन नदिन सम्बन्धित सबै पक्षलाई संयम अपनाउन आग्रह गरिएको छ।

मन्त्रालयले विवाद तथा द्वन्द्वको समाधानका लागि शान्तिपूर्ण उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिँदै साउदी अरेबियाको सरकार र जनताप्रति नेपालको ऐक्यबद्धता व्यक्त गरेको छ। अन्तर्राष्ट्रिय विवाद समाधानमा संवाद, कूटनीति र संयमको महत्त्वलाई समेत नेपालले आफ्नो सन्देशमार्फत जोड दिएको छ। रियाद विमानस्थलजस्तो महत्त्वपूर्ण सार्वजनिक पूर्वाधारमा भएको आक्रमणले नागरिकको सुरक्षा, हवाई यातायातको निरन्तरता र क्षेत्रीय स्थिरताबारे गम्भीर चिन्ता उत्पन्न गरेको छ। विमानस्थल अन्तरर्ाष्ट्रिय यात्रु, व्यापारिक आवागमन तथा आपत्कालीन सेवाका लागि महत्त्वपूर्ण केन्द्र भएकाले त्यहाँ हुने हिंसात्मक घटनाले प्रत्यक्ष मानवीय क्षतिका अतिरिक्त यातायात र आर्थिक गतिविधिमा समेत असर पार्न सक्छ।

आक्रमणबाट प्रभावित व्यक्तिहरूलाई आवश्यक उपचार र सहयोग उपलब्ध गराउनुका साथै भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको छ।

सार्वजनिक स्थान तथा नागरिक पूर्वाधारको सुरक्षाका लागि सम्बन्धित पक्षबीच समन्वय र प्रभावकारी कूटनीतिक पहल पनि महत्त्वपूर्ण हुने देखिन्छ। नेपालले अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्धित विवाद तथा द्वन्द्वलाई शान्तिपूर्ण माध्यमबाट समाधान गर्न आग्रह गर्दै आएको छ। रियाद विमानस्थलको घटनाप्रति व्यक्त गरिएको प्रतिक्रियाले पनि नागरिकको जीवन रक्षा, सार्वजनिक पूर्वाधारको सुरक्षा र अन्तर्राष्ट्रिय शान्तिप्रतिको नेपालको प्रतिबद्धतालाई पुनः स्पष्ट पारेको छ।

परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा साउदी अरेबियाको सरकार र जनताप्रति ऐक्यबद्धता व्यक्त गर्दै मृतकका परिवार तथा घाइतेप्रति सहानुभूति प्रकट गरिएको छ। नेपालले घटनाबाट प्रभावित सबैप्रति संवेदना व्यक्त गर्दै हिंसात्मक गतिविधि अन्त्य गर्न र शान्तिपूर्ण समाधानको बाटो रोज्न सम्बन्धित पक्षलाई आह्वान गरेको छ।

# विशेष प्रकृतिका विद्यालयलाई शिक्षा ऐनमै समेट्नुपर्नेमा जोड

**राजधानी समाचारदाता**
काठमाडौं, २६ असोज

विशेष उद्देश्यसाथ स्थापना भएका विद्यालयलाई शिक्षा ऐनमै समेटी स्वायत्त, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्ने कानुनी व्यवस्था गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। यस्ता विद्यालयको विशिष्ट उद्देश्य, आवश्यकता र सञ्चालन प्रकृतिलाई सम्बोधन गर्ने गरी स्पष्ट नीतिगत तथा संस्थागत व्यवस्था गर्न सके मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने उनीहरू बताउँछन्कोर।

शिक्षा तथा खेलकुद मन्त्रालयले नयाँ शिक्षा ऐन तर्जुमा गर्ने उद्देश्यले रायसुझाव सङ्कलन गर्ने क्रममा विशेष उद्देश्यले स्थापित विद्यालयका पदाधिकारी तथा सरोकारवालासँग गरेको छलफलमा सहभागीहरूले यस्तो सुझाव दिएका हुन्। छलफलमा विशेष प्रकृतिका विद्यालयको सञ्चालन तथा व्यवस्थापन, कानुनी आधार, आर्थिक स्रोतको व्यवस्थापन, शिक्षक दरबन्दी, शैक्षिक गुणस्तर र संस्थागत स्वायत्तताका विषयमा विचारविमर्श भएको थियो।

सिंहदरबारस्थित मन्त्रालयमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाको अध्यक्षतामा भएको छलफलमा सहभागीहरूले विशेष प्रकृतिका विद्यालयलाई सामान्य विद्यालयकै ढाँचामा सञ्चालन गर्न खोज्दा उनीहरूको विशिष्ट उद्देश्यअनुसार काम गर्न कठिनाइ हुने बताएका थिए। त्यसैले विद्यालयको प्रकृति, लक्षित विद्यार्थी समूह र स्थापनाको उद्देश्यलाई ध्यानमा राखेर शिक्षा ऐन तथा त्यसअन्तर्गतका नियमावलीमा आवश्यक व्यवस्था गर्नुपर्नेमा उनीहरूले जोड दिएका थिए।

सहभागीका अनुसार सैनिक विद्यालय, प्रहरी विद्यालय, निजामती विद्यालय, द्वन्द्वपीडित बालबालिकाका लागि स्थापित विद्यालय तथा अन्य विशेष उद्देश्यका शैक्षिक संस्थाले आआफ्नो क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। तर, यस्ता संस्थाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि एकरूप तथा स्पष्ट कानुनी आधार नहुँदा कतिपय अवस्थामा प्रशासनिक र व्यवस्थापकीय समस्या उत्पन्न हुने गरेको छ।

विशेष प्रकृतिका विद्यालयलाई राष्ट्रिय विद्यालय शिक्षा प्रणालीको मूलधारमा समेट्दै उनीहरूको विशिष्ट पहिचान र उद्देश्यसमेत सुरक्षित राख्नुपर्ने सहभागीहरूको धारणा थियो। उनीहरूले विद्यालय सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारीको स्पष्ट बाँडफाँट, आवश्यक समन्वय र प्रभावकारी अनुगमनको व्यवस्था गर्नुपर्ने सुझाव दिएका थिए। छलफलमा विद्यालयका प्रतिनिधिहरूले द्वन्द्वपीडित बालबालिकालाई शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउन कठिनाइ भइरहेको, शिक्षक दरबन्दी पर्याप्त नभएको र आर्थिक तथा प्रशासनिक व्यवस्थापनमा समस्या देखिएको गुनासो गरेका थिए। लक्षित समुदायका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरूलाई नियमित रूपमा अध्ययनमा संलग्न गराउने र आवश्यक शैक्षिक वातावरण उपलब्ध गराउने विषय चुनौतीपूर्ण रहेको उनीहरूको भनाइ थियो।

विद्यालय प्रतिनिधिले विशेष उद्देश्यका विद्यालयलाई शिक्षा ऐनमै सम्बोधन गरी आवश्यक निर्णय लिन सक्ने स्वायत्तता प्रदान गर्नुपर्ने माग गरेका थिए। विद्यालयको शैक्षिक उद्देश्य र आवश्यकताअनुसार जनशक्ति व्यवस्थापन, पाठ्यक्रम कार्यान्वयन, आर्थिक स्रोत परिचालन तथा दैनिक प्रशासन सञ्चालन गर्न सहज हुने व्यवस्था आवश्यक रहेको उनीहरूले बताएका थिए।

त्यसैगरी, एउटै संस्थागत संरचनाभित्र प्रभावकारी प्रशासन, जवाफदेहिता र गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने प्रणाली विकास गर्नुपर्ने सुझावसमेत दिइएको थियो। विद्यालयलाई स्वायत्तता प्रदान गर्दा शैक्षिक गुणस्तर, आर्थिक पारदर्शिता, विद्यार्थीको हित र सार्वजनिक उत्तरदायित्वलाई पनि उत्तिकै महत्त्व दिनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए। शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले विशेष प्रकृतिका विद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई नीतिगत रूपमा सम्बोधन गर्न र भविष्यमा तिनलाई कसरी सञ्चालन गर्ने भन्ने विषयमा स्पष्ट धारणा बनाउन सम्बन्धित विद्यालयका पदाधिकारीसँग छलफल गरिएको बताए। विद्यालयका वास्तविक समस्या र आवश्यकताबारे जानकारी लिएर शिक्षा ऐन तर्जुमाका क्रममा उपयुक्त व्यवस्था गर्न छलफल उपयोगी हुने उनको भनाइ थियो।

मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले विशेष उद्देश्यले स्थापित विद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यकताअनुसार नीतिगत र संरचनागत सुधार गरिने बताए। विद्यालयको प्रकृति र उद्देश्यअनुसार व्यवस्थापन प्रणाली विकास गर्न सरोकारवालाबाट प्राप्त सुझाव महत्त्वपूर्ण हुने उनले उल्लेख गरे।

छलफलमा सैनिक विद्यालय, प्रहरी विद्यालय, एसओएस विद्यालय, निजामती विद्यालय, गण्डकी बोर्डिङ स्कुल, बूढानीलकण्ठ स्कुल र सहिद स्मृति विद्यालयका प्रतिनिधिहरू सहभागी थिए।

विशेष प्रकृतिका विद्यालयसम्बन्धी स्पष्ट कानुनी व्यवस्था हुन सकेमा विद्यालयको संस्थागत स्थायित्व, व्यवस्थापकीय क्षमता र शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै, यस्ता विद्यालयले लक्षित विद्यार्थी तथा समुदायलाई प्रदान गर्दै आएको शैक्षिक सेवाको निरन्तरता र प्रभावकारिता सुनिश्चित गर्न पनि नयाँ ऐन महत्त्वपूर्ण हुने देखिन्छ।

# उदयपुरमा एकै रात १४० किलो गाँजा बरामद



**राजधानी संवाददाता**
उदयपुर, २६ असोज

उदयपुरमा प्रहरीले एकै रात दुई छुट्टाछुट्टै स्थानबाट एक हजार ४० किलो ४४० ग्राम गाँजा बरामद गरेको छ। गाँजा ओसारपसारमा प्रयोग भएको आशङ्कामा एउटा बोलेरो गाडीसहित ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरिएको हो। घटनामा संलग्न रहेको आरोपमा एक युवक पक्राउ परेका छन् भने अन्य व्यक्ति खोजी भइरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार चौदण्डीगढी नगरपालिका-१ चारघरेबाट ९४० किलो ४४० ग्राम र कटारी नगरपालिका-६ स्थित सागुरी पुलनजिकैको जङ्गलबाट थप १०० किलो गाँजा बरामद गरिएको हो। दुवै घटनामा बरामद गाँजाको कुल तौल एक हजार ४० किलो ४४० ग्राम रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सोमबार बिहान करिब २ बजे चौदण्डीगढी नगरपालिका-१ स्थित रानीटार-बेल्टार भित्री सडकखण्डमा पार्किङ गरेर राखिएको बा १४ च २२५५ नम्बरको बोलेरो गाडी जाँच गर्ने क्रममा ठूलो परिमाणमा गाँजा फेला परेको थियो।

इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा उक्त गाडी जाँच गरेको थियो। जाँचका क्रममा गाडीभित्र २९ बोरामा राखिएको गाँजा फेला परेको प्रहरीले जनाएको छ। बरामद गाँजाको तौल बोरासहित ९४० किलो ४४० ग्राम रहेको बताइएको छ।

प्रहरीका अनुसार उक्त बोलेरो गाडी गाँजा ओसारपसारमा प्रयोग भएको हुन सक्ने प्रारम्भिक जानकारी प्राप्त भए पनि गाडीमा गाँजा राख्ने तथा ओसारपसार गर्ने व्यक्ति तत्काल फेला परेका छैनन्। घटनामा संलग्न व्यक्तिको पहिचान र खोजीका लागि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसैगरी, आइतबार राति करिब १० बजेर २० मिनेटमा कटारी नगरपालिका-६ स्थित सागुरी पुलनजिकैको जङ्गलबाट पाँच बोरामा राखिएको १०० किलो गाँजासहित एक युवक पक्राउ परेका छन्। पक्राउ पर्नेमा ताप्ली गाउँपालिका-२ का २२ वर्षीय विश्वराज राई रहेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले तिनतलेबाट सिराहातर्फ गाँजा लैजाँदै गरेको अवस्थामा राईलाई पक्राउ गरेको हो। उक्त गाँजा कहाँबाट ल्याइएको थियो र त्यसलाई कहाँ पुर्‍याउने योजना थियो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

पक्राउ परेका राईलाई इलाका प्रहरी कार्यालय कटारीको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको छ। गाँजा ओसारपसारमा संलग्न अन्य व्यक्तिको खोजी गर्नुका साथै दुवै घटनाबीच कुनै सम्बन्ध छ वा छैन भन्ने विषयमा समेत प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

एकै रात जिल्लाका दुई स्थानबाट यति ठूलो परिमाणमा गाँजा बरामद हुनुले अवैध लागूऔषध ओसारपसार नियन्त्रणमा प्रहरीको निगरानी र सूचनामा आधारित कारबाहीको महत्त्व देखाएको छ। तर, यी दुई घटनाको सम्बन्ध, गाँजाको स्रोत र सम्भावित गन्तव्यबारे अनुसन्धानबाट तथ्य खुलेपछि मात्रै ओसारपसारको प्रकृतिबारे निष्कर्ष निकाल्न सकिनेछ।

गाँजाजस्ता लागूऔषधको अवैध कारोबारमा उत्पादनस्थल, सङ्कलन केन्द्र, ढुवानीका माध्यम र सम्भावित खरिदकर्ताबीचको सञ्जाल संलग्न हुन सक्ने भएकाले अनुसन्धानलाई बरामद सामान र पक्राउ परेका व्यक्तिमा मात्र सीमित नगरी आवश्यक प्रमाणका आधारमा विस्तार गर्नुपर्ने हुन्छ। यद्यपि, यस घटनामा त्यस्तो सञ्जाल सक्रिय रहेको पुष्टि भइसकेको छैन।

प्रहरीले बरामद गाँजा, नियन्त्रणमा लिइएको बोलेरो गाडी र पक्राउ परेका व्यक्तिसम्बन्धी प्रमाण सङ्कलन गरी प्रचलित कानुनअनुसार अनुसन्धान अघि बढाउने जनाएको छ। फरार व्यक्तिको पहिचान, गाँजा ओसारपसारको उद्देश्य र घटनामा संलग्न अन्य व्यक्तिको भूमिकाबारे अनुसन्धानबाट थप विवरण खुल्ने अपेक्षा गरिएको छ। यस घटनाले लागूऔषधको अवैध उत्पादन, सङ्कलन तथा ढुवानी नियन्त्रण गर्न प्रहरीको निगरानीसँगै सम्बन्धित निकायबीच समन्वय र स्थानीयस्तरमा सूचनाको आदानप्रदान आवश्यक रहेको देखाएको छ। अवैध कारोबार नियन्त्रणका लागि नियमित अनुगमन, सूचनामा आधारित अनुसन्धान र कानुनी कारबाहीलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि यसले औंल्याएको छ।

# नारायणगढ बजारमा ‘टास्क फोर्स’ परिचालन

**रासस**
नारायणगढ (चितवन), २६ असोज

नारायणगढ बजारमा चाडपर्वका समयमा हुने भीडभाड, अव्यवस्थित व्यापार तथा सवारी आवागमनको चापलाई व्यवस्थित बनाउन गठित बजार व्यवस्थापन कार्यदल (टास्क फोर्स) सक्रिय भएको छ। बजार क्षेत्रलाई व्यवस्थित, सुरक्षित, मर्यादित र उपभोक्तामैत्री बनाउने उद्देश्यले कार्यदलले सरोकारवाला निकायसँग समन्वय गरी बजार व्यवस्थापनका गतिविधिलाई अघि बढाएको हो।

चाडपर्वका समय नारायणगढ बजारमा किनमेल गर्ने सर्वसाधारणको चाप बढ्ने भएकाले बजार व्यवस्थापन, शान्ति-सुरक्षा, सवारी आवागमन, पार्किङ तथा बजार अनुगमनलाई प्रभावकारी बनाउन कार्यदलले विशेष ध्यान दिएको छ। बजारमा हुने भीडभाडका कारण व्यवसायी, उपभोक्ता तथा पैदलयात्रुले भोग्नुपर्ने समस्यालाई न्यूनीकरण गर्दै सहज रूपमा किनमेल गर्न सक्ने वातावरण निर्माण गर्ने लक्ष्यसहित कार्यदल सक्रिय भएको हो।

टास्क फोर्स संयोजक एवं चितवन उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओलीले चाडपर्वका समय बजारमा हुने भीडभाड र अव्यवस्थित व्यापारका कारण व्यवसायी तथा उपभोक्ताले विभिन्न समस्या भोग्नुपरेकाले त्यसको समाधानका लागि कार्यदलले काम अघि बढाएको बताए। ओलीका अनुसार बजार क्षेत्रमा जथाभावी सञ्चालन हुने ठेला तथा पोके व्यापारलाई व्यवस्थित गर्नु कार्यदलको प्राथमिकतामध्ये एक हो। सडक, फुटपाथ तथा पसलअगाडिका स्थानमा अव्यवस्थित रूपमा व्यापार सञ्चालन हुँदा पैदलयात्रु र ग्राहकलाई आवतजावत गर्न कठिनाइ हुने गरेको छ।

त्यसैगरी, उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उचित मूल्यमा उपलब्ध गराउने उद्देश्यले नियमित बजार अनुगमनलाई प्रभावकारी बनाउने तयारी गरिएको छ। बजारमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न सम्बन्धित निकायसँग सहकार्य गर्दै अनुगमनलाई निरन्तरता दिने योजना रहेको छ।

सवारी चाप व्यवस्थित गर्न ट्राफिक प्रहरी, स्थानीय निकाय तथा अन्य सरोकारवाला संस्थासँग समन्वय गरिने ओलीले बताए। बजार क्षेत्रमा सवारीसाधनको आवागमन सहज बनाउने, पार्किङलाई व्यवस्थित गर्ने र पैदलयात्रुको सुरक्षामा ध्यान दिने विषयलाई पनि कार्यदलले प्राथमिकतामा राखेको छ।

भरतपुर महानगरपालिकाको बजार क्षेत्रलाई व्यवस्थित, मर्यादित र उपभोक्तामैत्री बनाउने उद्देश्यले गत जेठमा चितवन उद्योग वाणिज्य संघको अगुवाइमा सरोकारवालाबीच बजार व्यवस्थापनसम्बन्धी अन्तरक्रिया गरिएको थियो। अन्तरक्रियामा बजार क्षेत्रका विद्यमान समस्या, तिनको समाधानका उपाय तथा बजारलाई दीर्घकालीनरूपमा व्यवस्थित बनाउने विषयमा छलफल भएको थियो।

अन्तरक्रियामा सहभागीले बजार क्षेत्रमा बढ्दो सवारी चाप, अव्यवस्थित पार्किङ, फुटपाथ अतिक्रमण र फोहोरमैला व्यवस्थापनलाई प्रमुख समस्याका रूपमा औंल्याएका थिए।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालनको लागि यस विभागबाट इजाजत पत्र प्राप्त संस्था श्री NEPAL RECRUITMENT CONSULTANCY PVT. LTD. (इ.प.नं. १००४/०६८/०६९) ले यस विभाग समक्ष इजाजत पत्र खारेज गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०६/१९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम अनुमतीपत्र खारेज गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**Malaysia मा रोजगारी** COMPANY: SOON SOON OILMILLS SDN BHD — पूनः विज्ञापन
PRE APPROVAL DATE: 2026/07/06 CHALANI NO.: 60257745 LOT NO.: 344579 CITY: PRAI INDUSTRIAL ESTATE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MYR | मासिक तलब ने.रु. | कामदारको न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY PRODUCTION WORKERS | 2 | 0 | 1700/- | 64532/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८३/०७/०८ गते (2026/10/25) मेनपावरको कार्यालयमा हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**MONTAGE OVERSEAS (P.) LTD.**
License No: 798/065/066
1726/69 GMS Path (W) near Kalanki Temple, Kathmandu-14, Nepal
Tel: + 977-1-4287119, Fax No. : +977-01-4287119, Miken Maharjan, Mob No.: 9709193108
Email : info@montageoverseas.com, Web : www.montageoverseas.com

**UAE मा रोजगारी** COMPANY: WE ONE — पूनः विज्ञापन
PRE APPROVAL DATE: 2026/10/02 CHALANI NO.: 60262008 LOT NO.: 348884 CITY: UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | कामदारको न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 100 | 0 | 1200/- | 50664/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

Kaski, Pokhara Lekhnath Metropolitan City, Bajeko Sekuwa Naghdhunga 2026/10/30
Kathamndu, Kathamdnu Metropolitan City, Pashupati Anand Hotel Kathmandu 2026/10/31

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | रु. १००००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**The River Overseas Pvt. Ltd.**
Govt. Lic. No. 406/060/061
Battisputali, Gaushala, Kathmandu, Nepal, Tel : +977-1-4562431, 4562432
Fax : +977-1-4562430, Arjun Shahu 9801247247,
Email : admin@theriveroverseas.com, Web: www.theriveroverseas.com

# डिजिटल बोर्डबाट सुदूरपश्चिमको पहिचान चिनाउँदै धनगढी



**दीपक ओली/राजधानी**
धनगढी, २६ असोज

सुदूरपश्चिम प्रदेशका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको प्रचारप्रसार र प्रदेशको समग्र पहिचानलाई राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले धनगढी उपमहानगरपालिकाले डिजिटल बोर्ड सञ्चालनमा ल्याएको छ। आधुनिक प्रविधिको प्रयोगमार्फत प्रदेशका सम्भावना, उपलब्धि र पर्यटकीय आकर्षणलाई एकै स्थानबाट सार्वजनिक गर्ने लक्ष्यसहित बोर्ड स्थापना गरिएको हो।

धनगढी उपमहानगरपालिका-१ स्थित जेन्जी मार्गमा पार्कको अगाडि स्थापना गरिएको डिजिटल बोर्डको सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले आइतबार उद्घाटन गरेका हुन्। उपमहानगरपालिकाका अनुसार बोर्ड दैनिक साँझ ६ देखि राति ९ बजेसम्म सञ्चालन गरिनेछ।

बोर्डमार्फत सुदूरपश्चिमका प्रमुख धार्मिक तथा पर्यटकीय स्थल, सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य, आर्थिक गतिविधि र विकासका सम्भावनासम्बन्धी सामग्री प्रदर्शन गरिनेछ। यसबाट प्रदेशका विभिन्न जिल्लामा रहेका पर्यटकीय गन्तव्यबारे सर्वसाधारणलाई जानकारी दिनुका साथै आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नेपालले हिमाली क्षेत्रमा बाढी, हिमताल र जलसतहको जोखिम पहिचान गर्न चीनसँग विभिन्न समयमा सहकार्य गर्दै आएको छ। गत २७ मेमा नेपाल र चीनबीच बाढी, मौसम तथा हिमनदीसम्बन्धी जोखिम र सूचना आदानप्रदानबारे छलफल भएको थियो। भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढीपछि चीनले जलविज्ञानसम्बन्धी सूचना आदानप्रदान जारी राख्ने र क्षतिग्रस्त निगरानी केन्द्र पुनर्स्थापनामा सहयोग गर्ने जनाएको थियो। तर, 'कुन स्थानमा कस्ता उपकरण जडान गरिएका छन्, ती सञ्चालनमा छन् कि छैनन् र तिनबाट प्राप्त तथ्यांक कति नियमित रूपमा केन्द्रमा पुग्छ ?' भन्ने विवरण अहिलेसम्म स्पष्ट छैन।

**मौसम बताउने 'माजु'सँग पहिरोको भर !**

चीनको सहयोगमा उपलब्ध गराइएको 'माजु' कृत्रिम बुद्धिमत्तामा आधारित मौसम पूर्वानुमान प्रणालीबारे पनि प्रश्न उठेका छन्। जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान महाशाखाका प्रवक्ता विनोद पराजुली माजुले पहिरोको पूर्वसूचना नदिने बताउँछन्। 'हामीले पनि मौसम पूर्वसूचना प्रणाली त चलाएकै छौं,' पराजुलीले भने, 'चीनले दिएको माजु बाहेक अरू विषयमा हामी अपडेट छैनौं, मौसम विभाग वा विपद् प्राधिकरणतिर बुझ्नुपर्ला।'

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले माजु प्रणाली प्राधिकरणअन्तर्गत सञ्चालनमा रहेको बताए पनि उपकरणको अवस्था र कार्यक्षमताबारे आफूलाई विस्तृत जानकारी नभएको बताएका छन्।

मौसम पूर्वानुमानले वर्षा र मौसमको सम्भावित अवस्था बताउन सक्छ। तर, पहिरो खसेर खोला थुनिने वा थुनिएको पानी एक्कासि बग्ने घटना पहिचान गर्न नदीको बहाव, जलसतह, भूगर्भीय जोखिम र स्थलविशेषको निगरानीलाई समेत जोड्नुपर्छ।

# सिटिजन्स बैंकद्वारा विद्यार्थीलाई न्यानो स्वेटर



**राजधानी समाचारदाता**

काठमाडौं, २६ असोज

सिटिजन्स बैंक इन्टरनेसनलले जुम्लाको पातारासी गाउँपालिका-७, रिनीस्थित सरस्वती माध्यमिक विद्यालयका तीन सय विद्यार्थीलाई न्यानो स्वेटर वितरण गरेको छ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत जुम्ला शाखामार्फत विद्यालयमा आयोजित कार्यक्रममा स्वेटर हस्तान्तरण गरेको हो। ग्रामीण क्षेत्रका विपन्न परिवारका विद्यार्थीलाई जाडोमा विद्यालय आउन सहज बनाउने उद्देश्यले स्वेटर वितरण गरिएको बैंकले जनाएको छ।

यस कार्यक्रमले ग्रामीण क्षेत्रका विद्यार्थीको पठनपाठनमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ। आगामी दिन पनि सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्ने बैंकले जनाएको छ।

बैंकले यसअघि फोनपेसँगको सहकार्यमा 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' नामक भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको थियो। त्यस्तै, युवा पुस्तालक्षित 'सिटिजन्स जेनजी सेभिङ अकाउन्ट', एकीकृत अनलाइन प्लेटफर्म 'सिटिजन्स डिजी बैंक सेवा' र स्वतन्त्र रूपमा काम गर्ने व्यक्तिलाई लक्षित 'फ्रिलान्सर सेभिङ्स अकाउन्ट' पनि सञ्चालनमा ल्याएको छ।

बैंकले मोबाइल बैंकिङ एपबाटै सेयर आवेदन र सीआरएन नम्बरसम्बन्धी सेवा लिन सकिने सुविधा पनि उपलब्ध गराएको जनाएको छ।

त्यस्तै, अन्य बैंकका ग्राहकले समेत सिटिजन्स बैंकका शाखामा क्यूआर कोड स्क्यान गरी काउन्टरबाट नगद प्राप्त गर्न सक्ने क्रस बैंक टेलर सुविधा सञ्चालनमा ल्याएको छ।

बैंकका अनुसार देशका ६१ जिल्लामा रहेका दुई सय शाखा, १६७ एटीएम, तीन विस्तारित काउन्टर र ४२ शाखारहित बैंकिङ एकाइमार्फत २० लाख ७८ हजार ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकले 'बैंक अफ द इयर २०२४' र 'बैंक अफ द इयर २०२५' को उपाधिसमेत प्राप्त गरेको जनाएको छ।

# एनआईसी एसिया बैंकद्वारा शैक्षिक सामग्री सहयोग

**राजधानी समाचारदाता**

काठमाडौं, २६ असोज

एनआईसी एसिया बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुगु, डोटी र मोरङका चार विद्यालयलाई विद्यालय पोशाक, झोला, शैक्षिक सामग्री तथा पानी शुद्धीकरण प्लान्ट सहयोग गरेको छ। बैंकले मुगुको छायाँनाथ रारा नगरपालिका-३ स्थित हिमालय आधारभूत विद्यालय, डोटीको आदर्श गाउँपालिका-२ साउदकाँडास्थित नमादेव माध्यमिक विद्यालय र दिपायल सिलगढी नगरपालिका-१ तिखास्थित मगलेक माध्यमिक विद्यालयलाई विद्यालय पोशाक, झोला तथा शैक्षिक सामग्री उपलब्ध गराएको हो।



त्यस्तै, मोरङको जहदा गाउँपालिका-३ स्थित बाललक्ष्मी आधारभूत विद्यालयमा पानी शुद्धीकरण प्लान्ट जडान गरिदिएको बैंकले जनाएको छ। बैंकका दिपायल शाखा प्रमुख सुधीर भण्डारीले नमादेवका प्रधानाध्यापक केशवराज ओझा र मगलेकका निमित्त प्रधानाध्यापक पुष्करबहादुर साउदलाई सामग्री हस्तान्तरण गरेका हुन्।

त्यसैगरी, मोरङको बाललक्ष्मी आधारभूत विद्यालयमा बैंकका विराटनगर सर्कल प्रमुख दशरथ पराजुलीले प्रधानाध्यापक बलेश्वर राजवंशीलाई पानी शुद्धीकरण प्लान्ट हस्तान्तरण गरेका थिए। सो विद्यालयमा १०७ भन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

बैंकले विद्यालयलाई उपलब्ध गराएको सहयोगले विद्यार्थीको पठनपाठन सहज बनाउनुका साथै स्वच्छ पानीको पहुँच र गुणस्तरीय शैक्षिक वातावरण निर्माणमा सहयोग पुग्ने अपेक्षा गरेको जनाएको छ।


## साकेला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति: २०८३/०६/२७ (October 13, 2026)

यस कार्यालयबाट मिति २०८३/०६/०२ गते प्रकाशित शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रदाताहरुको सार्वजनिक खरीद ऐन, २०६३ को दफा २५ उपदफा ५ (क) बमोजिम बोलपत्रदाताहरुले कबोल गरेको अंकको औसत अंकसँग सबैभन्दा नजिक रहेको तथा लागत अनुमान भन्दा सारभुत रुपमा बढी नभएको तपशीलको बोलपत्रदाता स्वीकृतिका लागि छनोट गरिएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराइन्छ। साथै यस सम्बन्धमा सार्वजनिक खरीद नियमावली ऐन, २०६३ (संशोधन समेत) को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**तपशील**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| SRMUN/NCB/WORKS/83/84/01 | Interior Works of Sakela Rural Municipality Administrative Building | Ngimari Construction Pvt.Ltd Rawabesi-3, Khotang | रु. ८१,५६,४११/५३ |

**प्रमुख प्रशासकीय अधिकृत**


# विशेष मूल्य समायोजनमा निर्माण व्यवसायी महासंघको स्वागत

**काठमाडौं / रास–** नेपाल सरकारले विशेष मूल्य समायोजनसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरेपछि नेपाल निर्माण व्यवसायी महासंघले सरकारप्रति आभार व्यक्त गरेको छ। महासंघले २३ असोजमा स्वीकृत कार्यविधिले लामो समयदेखि समस्याग्रस्त पूर्वाधार क्षेत्रलाई गति दिन सहयोग पुग्ने अपेक्षा गरेको छ। महासंघका महासचिव शिवहरि घिमिरेले विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री बालेन्द्र शाह, पूर्वाधार विकासमन्त्री, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रीको सचिवालय, प्रतिनिधिसभा र राष्ट्रियसभाका सम्बन्धित समितिका सभापति तथा सांसदहरूलाई धन्यवाद दिएका छन्।

महासंघले मूल्य समायोजनको विषयलाई प्राथमिकताका साथ अघि बढाउन अध्यक्षले विशेष पहल गरेको जनाएको छ। कार्यविधि स्वीकृतिका लागि आवश्यक निर्देशन र सहजीकरण गर्ने मुख्यसचिव, सचिव तथा विभिन्न विभागका महानिर्देशकप्रति पनि महासंघले आभार व्यक्त गरेको छ। मूल्य समायोजनको विषयलाई सार्वजनिक बहसमा ल्याउन सहयोग गर्ने सञ्चारमाध्यमलाई समेत धन्यवाद दिइएको छ।

सार्वजनिक खरिद ऐनमा मूल्य समायोजनको व्यवस्था भए पनि त्यसको कार्यान्वयनलाई स्पष्ट पार्न कार्यविधि स्वीकृत गरिनु महत्त्वपूर्ण कदम भएको महासंघको कथन छ। कार्यविधिले पूर्वाधार क्षेत्रको सुधार र विस्तार तथा मुलुकको समृद्धिमा योगदान पुर्‍याउने महासंघले अपेक्षासमेत गरेको छ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय परासी, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति २०८३/०६/२७ गतेको राजधानी राष्ट्रिय दैनिक**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई/बैंकबाट प्रवाह भएको कर्जा व्यवसायमा नलगाई अन्यत्र लगानी गरेको पाईएकोले/नविकरणका लागी आवश्यक कागजात नबुझाएको कारणले कर्जा नविकरण गर्न नसकिई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७७ साल कार्तिक महिना २४ गते मा प्रा.फ.र.नं. ४८१/०७७/०७८ स्थानिय व्यापार तथा आन्तरिक राजश्व कार्यालय भैरहवामा मिति २०७७/०७/२५ मा स्थायी लेखा नम्बर (PAN) ६१४२१२७२५ अन्तर्गत दर्ता कायम भएको **दिब्य डेरी उद्योग**।
**प्रोप्राईटर : मन्जु देवी गौड**

२. नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रही रामग्राम नगरपालिका कार्यालय, परासी नवलपरासी ५ नं. प्रदेश, नेपालमा मिति २०७९/०६/१२ गते मा दर्ता नं. १७४५, स्थानिय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, भैरहवामा मिति २०७९/०६/१२ मा स्थायी लेखा नम्बर (PAN) ६१४२१२७२५ अन्तर्गत दर्ता कायम भएको **दिब्य फुड महल**।
**प्रोप्राईटर : मन्जु देवी गौड**

**ऋणी १ र ऋणी २ को संयुक्त व्यक्तिगत जमानीकर्ताको विवरण**

१. जोखु प्रसाद कहारको बुहारी, शुसिल कुमार कहाँरको पत्नी, नवलपरासी जिल्ला, साविक बडहरा दुबैलीया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ६ बस्ने **मन्जु देवी गौड** (ना.प्र.नं. २६७८, जारी मिति २०५८/०७/२४, जि.प्र.का. नवलपरासी)।

२. मोती चन्द कहाँरको नाति, जोखु प्रसाद कहारको छोरा, नवलपरासी जिल्ला, साविक बडहरा दुबैलीया न.पा./गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ६ बस्ने **शुसिल कुमार कहाँर** (ना.प्र.नं. ४२७, जारी मिति २०६९/०१/०३, जि.प्र.का. नवलपरासी)।

३. जोखु प्रसाद कहारको नाति, शुसिल कुमार कहाँरको छोरा, नवलपरासी जिल्ला, साविक बडहरा दुबैलीया न.पा./गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ६ बस्ने **आदित्य कुमार गौड** (ना.प्र.नं. ३६-०१-७३-०३२९६, जारी मिति २०७३/०४/२१, जि.प्र.का. नवलपरासी)।

**धितोको विवरण**

१. **ऋणी १ र ऋणी २ को पक्षमा संयुक्त धितोबन्धकी कायम रहेको** शुसिल कुमार कहाँर (ना.प्र.नं. ४२७, जारी मिति २०६९/०१/०३, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, बडहरा दुवौलीया गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ३०८ को क्षेत्रफल ०-७-११-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. दिब्य डेरी उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
३. दिब्य फुड महलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank
शाखा कार्यालय : परासी, नवलपरासी
फोन नं. ०७८-५२०५४७
Website : www.siddharthabank.com



Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
**Infrastructure Development Directorate**
## Infrastructure Development Office
**Siraha**

**INVITATION FOR SEALED BIDS (HARD COPY ONLY)**

**First Date of Publication of Tender Notice: 13th -Oct-2026 (2083/06/27)**

1. The Infrastructure Development Office (IDO), Siraha invites sealed bids from eligible bidders for the Procurement of Roads under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures (S.N-1) and Single Stage Single Envelope Bidding procedures (S.N-2-8). Bidder's requirements are given as below:

| S. N. | Name Of Project: - | Contract ID: | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: | Minimum Work experience of similar size and nature | Cost of Bid Document Nrs. | Bid Security Amount (Validity Period **120** days from the date of bid opening) |
|---|---|---|---|---|---|---|
| 1 | Siraha,Golbazar Na.Pa-5 Kalika chowk gulab sah ko ghar dekhi Magar Tole, Asanpur, Durgapur, Balhi, Larhanaha Salahesh Marg samm sadak astarunnti | IDOSIR-W-NCB-Road-1-2083-084 | **137.30 million** | Construction of at least one asphalt concrete road project with contract value of 80,000,000.00 or more within last 10 years. | 10,000.00 | Nrs. 34,35,000.00 |

| S. N. | Name Of Project | Contract ID: | Cost of Bid Document Nrs. | Estimated cost Amount inc. Vat and PS NRS. | Bid Security Amount (Validity Period **120** days from the date of bid opening) NRs. |
|---|---|---|---|---|---|
| 2 | सिरहा क्षेत्र न. ४ कर्जनहा -७ अजित पासमानको घर देखि राम शरण पासमानको गाह्र सम्म दुबै पटि नाला निर्माण कार्य, सिरहा क्षेत्र न. ४ कर्जनहा -७ पासमान सामुदायिक भवन देखि बेतहा सडक सम्म RCC ढलान कार्य | IDOSIR-W-NCB-Road-2-083-084 | 3000 | 6,878,144.53 | 172000 |
| 3 | सिरहा नगरपालिका वडा नं. 07 अधुरो मदन आश्रीत स्मृति भवन निर्माण | IDOSIR-W-NCB-BUI-03-083-084 | 3000 | 9,784,632.99 | 245000 |
| 4 | सिरहा गोलबजार नगरपालिका वडा नं ५ गोलबजार महनौर सडकदेखि कबिर विद्यालयसम्म सडक स्तरउन्नती | IDOSIR-W-NCB-Road-4-083-084 | 3000 | 6,838,439.73 | 171000 |
| 5 | सिरहा जिल्ला सिरहा न.पा. २२ औरहा गाउँको मुल सडक RCC ढलान निर्माण कार्य | IDOSIR-W-NCB-Road-5-083-084 | 3000 | 6,852,068.00 | 171000 |
| 6 | सिरहा जिल्ला सिरहा न.पा. १८ लक्ष्मीनिया कुशेश्वर गुरमैतको घर देखि उत्तर भोगी गोहिवारको घर हुदै पूर्व गुरुदयाल मण्डलको पोखरी हुदै उत्तर सडक ढलान कार्य | IDOSIR-W-NCB-Road-6-083-084 | 3000 | 6,848,478.89 | 171000 |
| 7 | सिरहा जिल्ला सिरहा न.पा. १८ अरुण यादवको घर कलभर्ट देखि पूर्व ईटारी गाउँको मुल सडक RCC ढालन | IDOSIR-W-NCB-Road-7-083-084 | 3000 | 6,842,167.06 | 171000 |
| 8 | सिरहा गोलबजार नगरपालिका वडा नं १० ढण्डा प्रमोद महत्तोको घरदेखि गोलबजार वडा नं ९ सिमानासम्म र गोलबजार नगरपालिका वडा नं १० निहाली महत्तो घरदेखि पोखरीसम्म सडक स्तरोन्नति | IDOSIR-W-NCB-Road-8-083-084 | 3000 | 6,849,781.62 | 171000 |

2. The bidding document may be purchased in hard copy from Infrastructure Development Office, Siraha during office hours on 4th Nov 2026 (2083-07-18) upon submission of a written request and evidence of payment of the non-refundable fee of as shown in above table.
   Name of the Bank : Rastriya Banijya Bank, Siraha. A/C no. 1000200010000, Office Code No. 3370116012
   Name of Office : Infrastructure Development Office, Siraha, Revenue Sirsak No. 14229
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. (S.N-1)
4. Sealed bids must be submitted in hard copy only (hand/courier) to Infrastructure Development Office, Siraha, no later than 12:00 hours on 5-Nov-2026 (2083/07/19). Bidders shall submit the Technical Bid and Price Bid in two separate sealed envelopes, enclosed together in one outer sealed envelope, in accordance with the bidding document. Bids received after this deadline will be rejected.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 14:00 hours on 5-Nov-2026 (2083/07/19) in Infrastructure Development Office, Siraha. The Bid Security shall be in the name of the Bidder and must be counter-guaranteed by a A Class Commercial Bank. In case of alternative, cash can deposit in following Account.
   Name of the Bank : Rastriya Banijya Bank, Siraha, Name of the Office : Pradesh Ko. Le. Ni. Ka. ,Lahan , Siraha
   Office Code No: - 3370116012, Account No: - 2130100202030000
6. Pre-bid meeting shall be held at Infrastructure Development Office, Siraha at 14:00 hours on 28-Oct-2026 (2083/07/11)
7. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the IDO reserves the right to amend and correct at any time.
9. The IDO reserves the right to accept or reject the bids without assigning any reason whatsoever.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
11. For further details, please visit me in office time, Mobile No. 9852848501.

**Senior Divisional Engineer**
**IDO, Siraha**

का.जि.प्र.का.द.नं. १०३/०४०/४१, गो.हु.का.द.नं. ०२/२०८३/०८४



## ‘तेस्रो टि ट्वान्टी’मा भारतको अग्रता



भारतले वेस्ट इन्डिजलाई ‘तेस्रो टि ट्वान्टी’ अन्तर्राष्ट्रिय खेलमा १४ रनले हराउँदै ५ खेलको शृंखलामा २–१ को अग्रता बनाएको छ। आइतबार इन्दोरमा २ सय २४ रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर २ सय ९ रनमात्र बनाउन सक्यो। ४४ रन खर्चेर ३ विकेट लिएर भारतका बायाँहाते तीव्र गतिका बलर अर्शदीप सिंहले वेस्ट इन्डिजको रन गति रोक्न महत्त्वपूर्ण भूमिका खेले। त्यसअघि पहिले ब्याटिङ गरेको भारतले १९.२ ओभरमा सबै विकेट गुमाएर २ सय २३ रन बनाएको थियो।

### ● ४१ वर्षमा पनि रोकिएन किप्चोगेको दौड

# ‘मेलबर्न म्याराथन’ जित्दै बनाए नयाँ कोर्स कीर्तिमान

राजधानी समाचारदाता
काठमाडौं, २६ असोज





उमेर बढ्दै जाँदा खेलाडीको शारीरिक क्षमता घट्दै जान्छ भन्ने सामान्य मान्यतालाई केन्याका विश्वविख्यात म्याराथन धावक इलिउड किप्चोगेले फेरि चुनौती दिएका छन्। ४१ वर्षको उमेरमा पनि उच्चस्तरको प्रतिस्पर्धामा आफूलाई अब्बल साबित गर्दै उनले अस्ट्रेलियामा आयोजित ‘मेलबर्न म्याराथन’ उपाधि जितेका छन्। उनको यो जित अर्को प्रतियोगिताको सफलतामै भने सीमित छैन, निर्धारित दौडमार्गमा नयाँ कीर्तिमान कायम गर्ने उपलब्धिसमेत बनेको छ।

आइतबार सम्पन्न प्रतियोगितामा किप्चोगेले ४२.१९५ किलोमिटर लामो म्याराथन दुई घण्टा ९ मिनेट १० सेकेन्डमा पूरा गरे। यो समय मेलबर्न म्याराथनको सो मार्गमा कायम भएको अहिलेसम्मकै उत्कृष्ट समय हो। लामो दूरीको दौडमा गति, सहनशक्ति र निरन्तर प्रयासको महत्त्व रहने भएकाले अनुभवी धावक किप्चोगेको प्रदर्शनलाई उल्लेखनीयरूपमा हेरिएको छ।

विश्व एथलेटिक्समा लामो समयदेखि प्रभाव जमाउँदै आएका किप्चोगेका लागि मेलबर्नको सफलता उनको करिअरको १७औं म्याराथन उपाधि हो। सन् २०२३ मा बर्लिन म्याराथन जितेयता उनले पहिलोपटक म्याराथन उपाधि जितेका हुन्। यसले केही समयको अन्तरालपछि पनि उनी उच्चस्तरको प्रतिस्पर्धामा उपाधिका लागि दाबेदार बन्न सक्ने बलियो सम्भावना बनेको छ।

### उमेरभन्दा बलियो अनुभव र प्रतिस्पर्धी भावना

म्याराथन सामान्य दौडभन्दा फरक प्रकृतिको खेल हो। यसमा सुरुवाती गतिमात्र पर्याप्त हुँदैन। लामो समयसम्म ऊर्जा जोगाएर राख्ने क्षमता, शरीरको अवस्थाअनुसार गति व्यवस्थापन गर्ने सीप, मानसिक दृढता र अन्तिम चरणसम्म प्रतिस्पर्धामा टिकिरहने धैर्य आवश्यक पर्छ। यस्तो चुनौतीपूर्ण विधामा ४१ वर्षको उमेरमा उपाधि जित्नु किप्चोगेको अनुभव र निरन्तरताको महत्त्वपूर्ण उदाहरण हो। नयाँ पुस्ताका धावक तीव्र गतिमा अघि बढिरहेका बेला उनी अझै प्रतिस्पर्धाको अग्रभागमा रहन सफल भएका छन्।

उपाधि जितेपछि किप्चोगेले आफ्नो शरीर अझै राम्रो अवस्थामा रहेको र आफू नयाँ पुस्ताका धावकसँग प्रतिस्पर्धा गर्न सक्षम रहेको बताएका थिए। आफू उमेरका हिसाबले पाको भए पनि युवा खेलाडीसँगै दौडिन पाउनु खुसीको विषय भएको उनी बताउँछन्। उनको अभिव्यक्तिले खेलकुदमा उमेरको भूमिका महत्त्वपूर्ण भए पनि त्यसले खेलाडीको सम्भावना पूर्णरूपमा निर्धारण नगर्ने सन्देश दिन्छ। लामो समयसम्मको अभ्यास, अनुशासन र प्रतिस्पर्धाप्रतिको लगावले खेलाडीलाई कठिन परिस्थितिमा समेत सक्रिय रहन मद्दत गर्न सक्छ।

### विशेष मार्गमा दौड, क्रिकेट मैदानमा समापन

‘मेलबर्न म्याराथन’को अर्को आकर्षण यसको दौडमार्ग थियो। प्रतियोगिताको केही भाग अस्ट्रेलियामा ‘फर्मुला वान कार रेस’ आयोजना हुने चर्चित अल्बर्ट पार्क क्षेत्रमा सञ्चालन गरिएको हो।

त्यस्तै, दौडको अन्तिम भाग प्रसिद्ध मेलबर्न क्रिकेट ग्राउन्ड (एमसीजी)भित्र पूरा गरिएको थियो। कार रेसका लागि परिचित ट्र्याक हुँदै अघि बढ्नु र अन्त्यमा क्रिकेटको ऐतिहासिक मैदानभित्र प्रवेश गर्नु धावकका लागि फरक अनुभव थियो। म्याराथनको अन्तिम चरणमा खेलाडीको शारीरिक थकान उच्च हुने भएकाले त्यस्तो समय दर्शकको समर्थन र उत्साहले पनि विशेष अर्थ राख्न सक्छ।

एमसीजीमा प्रवेश गरेपछि किप्चोगेले उपस्थित समर्थकलाई हात हल्लाएर अभिवादन गरेका थिए। दर्शकले उनको नाम लिएर उत्साह बढाएको र दौडमार्गमा प्राप्त समर्थनले आफूलाई खुसी बनाएको उनले बताएका थिए। उनका अनुसार मेलबर्नको मार्ग सुन्दर थियो र प्रतियोगिताको वातावरणले दौडलाई अझ रमाइलो बनाएको थियो। फर्मुला वानको ट्र्याकमा दौडिने तथा अन्तिममा क्रिकेट मैदानभित्र पुगेर दौड पूरा गर्ने अवसर उनका लागि विशेष अनुभव बनेको थियो। ‘मेलबर्न म्याराथन’ले प्रतिस्पर्धात्मक खेलसँगै सहरका चर्चित खेलस्थललाई जोड्ने अवसर पनि प्रदान गरेको थियो। खेलकुदका विभिन्न विधाका समर्थकलाई एउटै प्रतियोगितामार्फत आकर्षित गर्न सकिने उदाहरणका रूपमा यसलाई लिन सकिन्छ।

### पुरुषतर्फ अस्ट्रेलियाका धावक दोस्रो र तेस्रो

पुरुषतर्फ किप्चोगेले उपाधि जित्दा अस्ट्रेलियाका थोमस डो कान्टो दोस्रो स्थानमा रहे। उनले दुई घण्टा १० मिनेट ३५ सेकेन्डमा दौड पूरा गरे। अस्ट्रेलियाकै रिस एडवर्ड्स तेस्रो भए।

किप्चोगे र दोस्रो स्थानमा रहेका डो कान्टोबीचको समयअन्तर १ मिनेट २५ सेकेन्ड थियो। लामो दूरीको दौडमा यस्तो अन्तरले अग्रस्थानका लागि भएको प्रतिस्पर्धाको चित्र प्रस्तुत गर्छ। किप्चोगेले निर्धारित दूरी तुलनात्मक रूपमा कम समयमा पूरा गर्दै आफ्नो अनुभवलाई नतिजामा रूपान्तरण गरे।

घरेलु धावकले दोस्रो र तेस्रो स्थान हासिल गर्नु अस्ट्रेलियाली खेलाडीका लागि पनि उल्लेखनीय उपलब्धि रह्यो। यद्यपि, यस प्रतियोगिताको सबैभन्दा चर्चित उपलब्धि किप्चोगेले बनाएको कोर्स कीर्तिमान नै बन्यो।

### महिलातर्फ क्यामिल फ्रेन्चलाई उपाधि

महिलातर्फ न्युजिल्यान्डकी क्यामिल फ्रेन्चले उत्कृष्ट प्रदर्शन गर्दै उपाधि जितिन्। उनले ४२.१९५ किलोमिटरको दूरी २ घण्टा २८ मिनेट २५ सेकेन्डमा पूरा गरिन्। महिला स्पर्धामा अस्ट्रेलियाकी सिनेड डाइभर दोस्रो र आयरल्यान्डकी निकोला शेरिडन तेस्रो स्थानमा रहे। यससँगै प्रतियोगिताको महिला विधामा न्युजिल्यान्ड, अस्ट्रेलिया र आयरल्यान्डका खेलाडीले शीर्ष तीन स्थान हासिल गरे।

पुरुष र महिला दुवै विधाका नतिजाले मेलबर्न म्याराथनमा अन्तर्राष्ट्रिय खेलाडीबीच भएको प्रतिस्पर्धालाई उजागर गरेको छ। म्याराथनमा व्यक्तिगत तयारी र सहनशक्तिसँगै प्रतियोगिताको वातावरण, मार्गको प्रकृति र दौडको रणनीतिले पनि प्रदर्शनमा प्रभाव पार्न सक्छ।

### सातै महादेशमा म्याराथन दौडने किप्चोगेको लक्ष्य

मेलबर्नमा प्राप्त सफलता किप्चोगेको अर्को ठूलो योजनासँग पनि जोडिएको छ। उनी आगामी दुई वर्षभित्र अन्टार्कटिकासहित विश्वका सातै महादेशमा म्याराथन दौड पूरा गर्ने लक्ष्यमा छन्।

मेलबर्न म्याराथन उनको यही विश्वव्यापी यात्राअन्तर्गत तेस्रो म्याराथन हो। सातै महादेशमा दौड पूरा गर्ने योजनाले उनको प्रतिस्पर्धात्मक यात्रालाई फराकिलो बनाएको छ। यस अभियानमा उनी विभिन्न भौगोलिक तथा वातावरणीय अवस्थाका बीच दौडने योजनामा छन्।

म्याराथनका लागि आवश्यक तयारी सबै स्थानमा समान हुँदैन। तापक्रम, हावापानी, उचाइ र दौडमार्गको बनावटले धावकको प्रदर्शनमा प्रभाव पार्न सक्छ। त्यसैले विभिन्न महादेशमा दौड पूरा गर्ने अभियान खेलकुदको उपलब्धिसँगै व्यक्तिगत चुनौती पनि हो।

यस अभियानबाट संकलन हुने रकम इलिउड किप्चोगे फाउन्डेसनलाई प्रदान गरिनेछ। सो फाउन्डेसनले शिक्षा, वातावरणीय दिगोपन र स्वास्थ्यका क्षेत्रमा काम गर्दै आएको छ। उनको अभियानलाई प्रतियोगितामा जित हासिल गर्ने लक्ष्यमा मात्र सीमित नराखी सामाजिक योगदानसँग पनि जोडेको छ। खेलाडीको लोकप्रियता र अन्तर्राष्ट्रिय पहिचानलाई सामाजिक उद्देश्यका लागि प्रयोग गर्न सकिने पहलका रूपमा लिन सकिन्छ।

### ओलम्पिकदेखि म्याराथनको ऐतिहासिक उपलब्धिसम्म

किप्चोगेलाई विश्वकै महान् लामो दूरीका धावकमध्ये एक मानिन्छ। उनको खेलजीवनमा ओलम्पिक म्याराथनका दुई स्वर्णपदक सबैभन्दा महत्त्वपूर्ण उपलब्धिमध्ये पर्छन्। यसबाहेक उनले पाँच हजार मिटर दौडमा एक रजत र एक कांस्य ओलम्पिक पदक जितेका छन्।

उनको सफलताको सूचीमा विश्व च्याम्पियनसिप उपाधि, विश्व म्याराथन मेजर प्रतियोगितामा १२ जित र म्याराथनमा दुई आधिकारिक विश्व कीर्तिमानसमेत समावेश छन्। यी उपलब्धिले उनलाई लामो दूरीको दौडमा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गरेका छन्।

किप्चोगेको करिअरको अर्को ऐतिहासिक क्षण सन् २०१९ मा अस्ट्रियाको भियनामा देखिएको थियो। विशेषरूपमा आयोजना गरिएको दौडमा उनले म्याराथन दूरी १ घण्टा ५९ मिनेट ४० सेकेन्डमा पूरा गरेका थिए। यससँगै उनी म्याराथन दूरी दुई घण्टाभन्दा कम समयमा पूरा गर्ने पहिलो व्यक्ति बने।

सो दौड विशेष परिस्थितिमा आयोजना गरिएको थियो। त्यसैले त्यसको समयलाई आधिकारिक विश्व कीर्तिमानका रूपमा मान्यता दिइएको थिएन। खेलकुदमा प्रदर्शनको समयसँगै प्रतियोगिताका नियम, अवस्था र मान्यताका मापदण्ड पनि महत्त्वपूर्ण हुने भएकाले यो भिन्नता उल्लेखनीय छ।

### नयाँ पुस्ताका लागि प्रेरणा

मेलबर्नमा किप्चोगेले हासिल गरेको सफलतालाई उनको व्यक्तिगत उपलब्धिका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। यसले लामो समयसम्म खेलमा सक्रिय रहन चाहने खेलाडीका लागि निरन्तर अभ्यास, अनुशासन र प्रतिस्पर्धात्मक सोचको महत्त्व पनि सम्झाउँछ।

खेलाडीको ‘करिअर’मा उमेर बढ्दै जाँदा चुनौती थपिन सक्छन्। तर उपयुक्त तयारी र अनुभवको सदुपयोगमार्फत आफ्नो क्षमताको उपयोग कसरी गर्न सकिन्छ भन्ने कुरा किप्चोगेको प्रदर्शनले देखाएको छ। उनको सफलताले युवा धावकलाई प्रेरित गर्नुका साथै अनुभवी खेलाडीले पनि उच्चस्तरको प्रतिस्पर्धामा योगदान दिन सक्ने सम्भावना प्रस्तुत गरेको छ।

यद्यपि, एउटा प्रतियोगिताको नतिजाका आधारमा खेलाडीको भविष्यबारे निश्चित निष्कर्ष निकाल्न सकिँदैन। म्याराथनमा प्रत्येक प्रतियोगिताको परिस्थिति फरक हुन सक्छ। त्यसैले किप्चोगेको आगामी प्रदर्शन र सातै महादेशमा दौड पूरा गर्ने योजनाको प्रगति पनि चासोको विषय रहनेछ।

# ‘बा : एक योद्धा’को दबदबा, ‘आचार्य’ दोस्रो स्थानमा

### ● ‘चमेलीको पोइ’ र ‘चंगुल’को व्यापार कमजोर, दर्शक तान्न संघर्ष

राजधानी समाचारदाता
काठमाडौं, २६ असोज



नेपाली चलचित्रको बक्स अफिसमा ‘बा : एक योद्धा’ले दबदबा कायम गरेको छ। चलचित्र विकास बोर्डद्वारा सोमबार सार्वजनिक बक्स अफिस विवरणअनुसार चलचित्रले ३ करोड रुपैयाँभन्दा बढी ग्रस कमाइ गर्दै प्रदर्शनमा रहेका चार चलचित्रमध्ये पहिलो स्थान हासिल गरेको छ। निखिल उप्रेतीको अभिनय तथा निर्देशन रहेको ‘आचार्य’ले पनि १ करोड ६२ लाख रुपैयाँभन्दा बढी कमाइ गरेको छ। ‘चमेलीको पोइ’ र ‘चंगुल’को व्यापार भने कमजोर देखिएको छ।

बोर्डको सिनेपा बक्स अफिस विवरणअनुसार आइतबार राति ११ बजेर ५९ मिनेटसम्म ‘बा : एक योद्धा’ले ३ करोड ५ लाख २२ हजार ५०२ रुपैयाँ ग्रस कमाइ गरेको छ। चलचित्रका १ लाख ७ हजार ५३३ टिकट बिक्री भएका छन्। कमाइ र टिकट बिक्री दुवैका आधारमा चलचित्र अन्य तीन चलचित्रभन्दा अगाडि देखिएको हो।

यसैगरी, ‘आचार्य’ले १ करोड ६२ लाख २७ हजार ९४६ रुपैयाँ ग्रस कमाइ गरेको छ। चलचित्रका ५६ हजार १९९ टिकट बिक्री भएका छन्। यससँगै ‘आचार्य’ चार चलचित्रमध्ये दोस्रो स्थानमा छ। ‘बा : एक योद्धा’को कमाइ ‘आचार्य’भन्दा १ करोड ४२ लाख ९४ हजार ५५६ रुपैयाँ बढी छ।

अर्कोतर्फ, १६ असोजदेखि प्रदर्शनमा आएका ‘चमेलीको पोइ’ र ‘चंगुल’ले भने अपेक्षाअनुसार दर्शक आकर्षित गर्न सकेका छैनन्। विवरणअनुसार ‘चमेलीको पोइ’ले ५ लाख ५० हजार २०० रुपैयाँ ग्रस कमाइ गरेको छ। चलचित्रका १ हजार ७४८ टिकट बिक्री भएका छन्।

एभरेस्ट सूर्य बोहराको निर्देशनमा बनेको ‘चमेलीको पोइ’मा सुरक्षा पन्त, नारायण त्रिपाठी (प्रेमचरो), मुकुन भुसाल र विल्सनविक्रम राईलगायतको अभिनय छ। नारायण त्रिपाठीको लामो समयपछिको पुनरागमनलाई समेत चलचित्रको महत्त्वपूर्ण पक्षका रूपमा हेरिएको थियो। तर, सार्वजनिक तथ्यांकले चलचित्रले अपेक्षित दर्शक तान्न नसकेको देखाउँछ। चार चलचित्रमध्ये सबैभन्दा कमजोर व्यापार राम गौतम निर्देशित ‘चंगुल’को छ। चलचित्रले आइतबार राति ११ बजेर ५९ मिनेटसम्म १ लाख ३८ हजार ३०० रुपैयाँ ग्रस कमाइ गरेको छ। यस अवधिमा ४२५ टिकटमात्रै बिक्री भएका छन्। चलचित्रमा रवि कार्की, लेय संग्रौला र लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारको अभिनय छ।

### कमाइ र टिकट बिक्रीमा ठूलो अन्तर

बक्स अफिसको तथ्यांकअनुसार ‘बा : एक योद्धा’ पहिलो, ‘आचार्य’ दोस्रो, ‘चमेलीको पोइ’ तेस्रो र ‘चंगुल’ चौथो स्थानमा छन्।

शीर्ष स्थानमा रहेको ‘बा : एक योद्धा’ र सबैभन्दा कम कमाइ गरेको ‘चंगुल’बीच ३ करोड रुपैयाँभन्दा बढीको ग्रस कमाइअन्तर छ। यसले एउटै अवधिमा प्रदर्शनमा आएका चलचित्रबीच दर्शकको आकर्षण र टिकट बिक्रीमा ठूलो भिन्नता रहेको देखाउँछ।

ग्रस कमाइलाई निर्माताको वास्तविक आम्दानी वा नाफाका रूपमा बुझ्न मिल्दैन। चलचित्रको कुल लगानी, प्रचारप्रसार तथा प्रदर्शन खर्च र हल सञ्चालक एवं वितरकको हिस्सासमेत हिसाब गर्नुपर्ने हुन्छ। त्यसैले उपलब्ध बक्स अफिस तथ्यांकले चलचित्रको व्यावसायिक प्रदर्शनको तुलनात्मक अवस्था देखाए पनि वास्तविक नाफा निर्धारण गर्दैन।

समग्रमा ‘बा : एक योद्धा’ले बक्स अफिसमा बलियो उपस्थिति बनाउँदा ‘आचार्य’ले पनि उल्लेख्य कमाइ गरेको छ। ‘चमेलीको पोइ’ र ‘चंगुल’ले अपेक्षित दर्शकको साथ पाउन सकेका छैनन्।

# निर्मलराज पौडेललाई माऱ्यो नि कान्छीको मायाले

राजधानी समाचारदाता
काठमाडौं, २६ असोज





विपिन जोशीको शब्द तथा संगीत, निर्मलराज पौडेलको स्वर र मनिषराज पौडेलको निर्देशनमा तयार भएको नयाँ गीत ‘आम्मैनी माऱ्यो, कान्छीको मायाले’ सार्वजनिक भएको छ। प्रेम, माया र भावनात्मक सम्बन्धका विषय समेटेर तयार पारिएको यस गीतले नेपाली गीतसंगीतको क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगलाई समेत प्राथमिकता दिएको छ।

वेलकम एभी प्रोडक्सनद्वारा निर्मित गीतको भिडियोमा पछिल्लो समय विश्वभर तीव्ररूपमा विकास भइरहेको कृत्रिम बौद्धिकता (एआई) प्रविधि प्रयोग गरिएको छ। नेपाली संगीत क्षेत्रमा नयाँ प्रयोग गर्ने उद्देश्यसाथ तयार पारिएको गीतको भिडियोले परम्परागत शैलीभन्दा फरक ढंगबाट दृश्य प्रस्तुत गर्ने प्रयास गरेको छ। गीतको शब्द, संगीत र स्वरलाई आधुनिक प्रविधिको माध्यमबाट दृश्यमा रूपान्तरण गर्दै दर्शकमाझ नयाँ शैलीको प्रस्तुति ल्याइएको हो।

नेपाली गीतसंगीतमा प्रेम, विछोड, आकर्षण र भावनात्मक सम्बन्धका विषयले लामो समयदेखि महत्त्वपूर्ण स्थान ओगट्दै आएका छन्। यिनै विषयवस्तु समेटेर तयार पारिएको ‘आम्मैनी माऱ्यो, कान्छीको मायाले’ गीतले प्रेममा परेको व्यक्तिको भावनात्मक अवस्था अभिव्यक्त गर्ने प्रयास गरेको छ। गीतको शीर्षकले नै प्रेम र मायाको प्रभावलाई रोचक ढंगले प्रस्तुत गरेको छ।

गीतको सिर्जनात्मक पक्षसँगै भिडियो निर्माणमा प्रविधि प्रयोगलाई जोड दिइएकाले यो प्रस्तुति नेपाली संगीत क्षेत्रमा भइरहेको नयाँ अभ्यासको उदाहरण बनेको छ। सूचना तथा प्रविधि विकाससँगै गीतसंगीतको सिर्जना, उत्पादन र प्रचारप्रसारका शैलीमा पनि परिवर्तन भइरहेको छ। पहिले भिडियो निर्माणका लागि आवश्यक दृश्य खिच्न, कलाकार तथा प्राविधिक टोली परिचालन गर्न र विभिन्न स्थानमा छायांकन गर्नुपर्ने अवस्था थियो। एआई प्रविधि विकाससँगै सिर्जनाकर्ताले आफ्नो अवधारणाअनुसारका दृश्य तयार पार्न र कल्पनालाई दृश्यात्मक स्वरूप दिन नयाँ विकल्प प्राप्त गर्न थालेका छन्।

‘आम्मैनी माऱ्यो, कान्छीको मायाले’ गीतको भिडियो निर्माणमा पनि यही प्रविधिगत परिवर्तनलाई आत्मसात् गरिएको छ। एआईको सहायताले सिर्जनात्मक अवधारणा दृश्यमा रूपान्तरण गर्ने प्रयासले भिडियो निर्माणको परम्परागत शैलीभन्दा फरक अनुभव प्रस्तुत गर्ने सम्भावना बढाएको छ। यसले सीमित स्रोतसाधनमा पनि नयाँ सोच र प्रयोगका आधारमा दृश्य सामग्री तयार पार्न सकिने सम्भावनालाई उजागर गरेको छ।

गायक निर्मलराज पौडेलका अनुसार एआई प्रविधि प्रयोगले कम समयमा आकर्षक दृश्य सामग्री तयार पार्न तथा सिर्जनात्मक अवधारणालाई दृश्यमा रूपान्तरण गर्न सहज बनाएको छ। आधुनिक प्रविधि उपयोगले संगीत सिर्जनासँग सम्बन्धित विभिन्न पक्षमा नयाँ प्रयोग गर्न सकिने उनको धारणा छ।

नेपाली संगीत क्षेत्रमा एआई प्रविधि प्रयोग विस्तार हुँदै जाँदा गीतको भिडियो निर्माणमा मात्रै नभई सिर्जनात्मक अवधारणा विकास, दृश्य संयोजन र प्रस्तुतीकरणमा समेत नयाँ अभ्यासको सम्भावना देखिएको छ।

यद्यपि, प्रविधि प्रयोगसँगै गीतको मौलिकता, सिर्जनात्मकता र कलात्मक पक्षलाई महत्त्व दिनुपर्ने आवश्यकता पनि उत्तिकै छ। प्रविधि सिर्जना थप प्रभावकारी बनाउने माध्यमका रूपमा उपयोग हुन सके यसले कलाकारका लागि नयाँ अवसर सिर्जना गर्न सक्छ।

डिजिटल प्लेटफर्म विस्तारले नेपाली गीतसंगीतलाई देशभित्र मात्र नभई विदेशमा रहेका नेपाली तथा अन्य भाषाभाषी दर्शकमाझ पुऱ्याउन सहज बनाएको छ। यस्तो अवस्थामा आधुनिक प्रविधिको प्रयोग गरेर तयार पारिएका सामग्रीले नेपाली संगीतको प्रस्तुतीकरणमा विविधता थप्न सक्छन्। नयाँ प्रविधि र परम्परागत संगीत सिर्जनाबीचको संयोजनले दर्शकलाई फरक किसिमको दृश्य तथा श्रव्य अनुभव दिने सम्भावना पनि बढाएको छ।

स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : डिल्ली आचार्य